# बृहत् यौनिकता शिक्षासम्बन्धी पैरवी पुस्तिका



नेपाल परिवार नियोजन संघ
२०२४

FPAN
नेपाल परिवार नियोजन संघ

UNFPA

# बृहत् यौनिकता शिक्षासम्बन्धी
# **पैरवी पुस्तिका**

# प्राक्कथन

बृहत् यौनिकता शिक्षा मानव शरीर विज्ञान र यौन व्यवहार मात्रैको अध्ययन नभई मानव यौनिकतासँग सम्बन्धित विभिन्न सामाजिक-सांस्कृतिक र जीवनोपयोगी विषयवस्तुको ज्ञान, धारणा र सीप विकाससँग सम्बन्धित शिक्षण-सिकाई प्रक्रिया हो जसले अधिकारलाई केन्द्रमा राखेर मानिसलाई जिम्मेवार यौनिक निर्णय लिन सक्षम बनाउँछ । यस शिक्षालाई किशोरकिशोरी र युवाहरूलाई प्रभाव पार्ने समस्याहरूलाई सम्बोधन गर्ने एक प्रभावकारी दृष्टिकोण मानिन्छ, तथापि, किशोरकिशोरी र युवाहरूलाई यौन प्राणीको रूपमा बुझाईको कमीले अधिकारमा आधारित बृहत् यौनिकता शिक्षाको कार्यान्वयनमा उल्लेखनीय रूपमा बाधा पुग्ने गरेको छ । यस प्रकारको बाधालाई हटाउन नेपाल परिवार नियोजन संघ (FPAN) बृहत् यौनिकता शिक्षा कार्यान्वयन गर्न संयक्त राष्ट्र संघ जनसंख्या कोष (UNFPA) समर्थित कार्यक्रमसँग मिलेर काम गरिरहेको छ । यसको मुख्य उद्देश्य विद्यालयमा शिक्षकको क्षमता निर्माण मार्फत युवाहरूमा यौनिकता शिक्षाको ज्ञान बढाउनु र विद्यालयमा किशोरकिशोरी-मैत्री सूचना कक्ष (AFICs) स्थापना र सुदृढीकरण मार्फत स्वास्थ्य सेवा, सूचना र व्यवहारमा सुधार गर्नु, तथा विद्यालय र समुदायमा हुने हानीकारक सामाजिक-सांस्कृतिक प्रचलन र अभ्यासहरु हटाउनु हो । यसका साथै, नेपाल परिवार नियोजन संघले राष्ट्रिय पाठ्यक्रममा बृहत् यौनिकता शिक्षा समावेश गर्न पैरवी गर्दै आईरहेको छ ।

यसै सन्दर्भमा नेपाल परिवार नियोजन संघले नीति निर्माता, स्थानीय नेतृत्व र सरोकारवालाका लागि बृहत् यौनिकता शिक्षासम्बन्धी पैरवी पुस्तिका तयार गरेको छ जसका माध्यमले नेपालमा स्थानीय, प्रादेशिक र केन्द्रीय तहमा आवश्यकताअनुसार बृहत् यौनिकता शिक्षाको अभिमुखिकरण लगायतका कार्यक्रम गर्न सकिन्छ । यस सामग्रीको मुख्य उद्देश्य नीतिनिर्माताहरूलाई बृहत् यौनिकता शिक्षाको बारेमा संवेदनशील बनाउनु र राष्ट्रिय र स्थानीय स्तरमा बृहत् यौनिकता शिक्षाको एकीकरण र प्रवर्द्धनका लागि सक्षम वातावरण बनाउन वैचारिक स्पष्टता प्रदान गर्नु हो ।

प्रस्तुत पैरवी पुस्तिका लेखन कार्यमा संलग्न डा. भगवान अर्याल र डा. भिमसेन देवकोटा प्रति नेपाल परिवार नियोजन संघ आभार व्यक्त गर्दछ । त्यस्तै यस पुस्तिकालाई यस रुपमा तयार गर्न शिक्षा तथा मानव स्रोत केन्द्रको सुझाव तथा सल्लाह र नेपाल परिवार नियोजन संघका श्री प्रविन खड्का, श्री रेणु यादवको पहल र परिश्रम साथै पुस्तिकालाई सुक्ष्म अध्ययन गरी परिष्कृत र परिमार्जन गर्न सहयोग पुर्‍याउने जमुना सिटौलाको योग्दान सराहनीय छ ।

अन्त्यमा, यो सामग्री निर्माण गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने UNFPA नेपाल र पुस्तिकाको अन्तिम सम्पादनका लागि रचनात्मक सहयोग र पुनरावलोकन गर्नुहुने UNFPA नेपालका अभिराम रोयप्रति विशेष आभार व्यक्त गर्दछौं ।



डा. प्रवीण शाक्य
कार्यकारी निर्देशक
नेपाल परिवार नियोजन संघ

# बिषयसूची


| | |
|---|---|
| प्राक्कथन | १ |
| विषयसूचि | २ |
| उद्घाटन सत्र | ३ |
| बृहत् यौनिकता शिक्षाको परिचय र यसका प्रमुख अवधारणाहरू | ४ |
| बृहत् यौनिकता शिक्षाको औचित्य र आवश्यकता | १० |
| बृहत् यौनिकता शिक्षाको प्रभावकारी कार्यान्वयनमा सामाजिक मूल्य-मान्यताको प्रभाव | १४ |
| किशोरकिशोरीको यौनिकता शिक्षा, यौन तथा प्रजनन स्वास्थ्य र अधिकारसम्बन्धी मुद्दाहरूको सम्बोधन | १८ |
| बृहत् यौनिकता शिक्षाको कार्यान्वयनमा विभिन्न निकायको भूमिका | २४ |
| बृहत् यौनिकता शिक्षासम्बन्धी कार्ययोजना निर्माण | २८ |
| समापन सत्र | ३० |

# उद्घाटन सत्र

**दिन : पहिलो** **सत्र : पहिलो** **समय : १ घण्टा**

**आयोजक संस्थाले आवश्यकता अनुरुप औपचारिक तवरले उद्घाटन कार्यक्रम आयोजना गर्न सक्ने छ। उद्घाटन सत्रमा निम्नलिखित तरिकालाई नमूनाका रुपमा लिन सकिने छः**

१. उद्घोषकबाट कार्यक्रम संचालन
२. कार्यक्रममा आयोजक संस्थाबाट सभाध्यक्षता ग्रहण
३. प्रमुख अतिथिको आसन ग्रहण
४. अतिथिहरूको आसन ग्रहण
५. राष्ट्रिय गानप्रति सम्मान
६. स्वागत भाषण र कार्यक्रमको उद्देश्यबारे प्रकाश
७. उद्घाटन
८. सहभागीहरूको परिचय
९. मन्तव्य १, २, ३ ...
१०. प्रमुख अतिथिबाट मन्तव्य
११. सभाध्यक्षबाट समापन मन्तव्य

# बृहत् यौनिकता शिक्षाको परिचय र यसका प्रमुख अवधारणाहरू

**दिन : पहिलो** **सत्र : दोस्रो** **समय : १ घण्टा ३० मिनेट**

## परिचय

यौनिकताको बुझाइ र व्यवहारमा नेपालमा अझै पनि अन्यौलता र लज्जा विद्यमान छ भने यौनिकतासम्बन्धी भ्रमका कारण यौनिकता शिक्षालाई नेपालको परिवेशमा अहिले पनि सहज रूपमा स्वीकार्न सक्ने अवस्था छैन । यौनिकता भनेको लिङ्ग, यौन पहिचान र लैङ्गिक भूमिका, यौन उत्तेजना, यौन आर्कषण, यौनानन्द र प्रजननजस्ता विषयहरूको समष्टि रूप हो । यौनिकताले व्यक्तिको सम्पूर्ण व्यक्तित्वको प्रतिनिधित्व गरेको हुन्छ तर यौनिक कुण्ठा, भ्रम, तथा यौनिकता लैंगिकताप्रति गलत बुझाईले किशोरकिशोरी र युवाहरू नकारात्मक मनोवृति र असामाजिक व्यवहारतर्फ अग्रसर हुन सक्छन् । बृहत् यौनिकता शिक्षाले बालबालिका तथा युवाहरूलाई यौनिकतासम्बन्धी ज्ञान, सिप, अभिवृत्ति र मूल्यहरू सुधार गरी जिम्मेवार निर्णय लिन सशक्त बनाउँछ । बृहत् यौनिकता शिक्षा भन्नाले यौनिकतासम्बन्धी संज्ञान, संवेग, शारीरिक र सामाजिक पक्षहरूको सिकाइ प्रक्रिया हो जुन पाठ्यक्रममा आधारित हुन्छ । यसले आफ्नो स्वास्थ्य, निरोगिता र सम्मानलाई महशुस गर्न, सम्मानजनक सामाजिक र यौनिक सम्बन्ध विकसित गर्न, आफ्नो व्यवहारबाट आफ्नो स्वास्थ्य र अरूको स्वास्थ्यमा पर्न सक्ने प्रभावलाई विचार गर्न, र जीवनभर आफ्नो र अरूको अधिकार सुनिश्चित र सुरक्षित गर्न सबलिकरण गर्दछ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :

- यौनिकतालाई व्यक्तिको सम्पूर्ण व्यक्तित्वको प्रतिनिधित्व हो भनि अर्थ्याउन
- बृहत् यौनिकता शिक्षाको ऐतिहासिक विकासक्रम बताउन
- बृहत् यौनिकता शिक्षाको परिचय दिन
- बृहत् यौनिकता शिक्षाका आठ प्रमुख अवधारणाहरू पहिचान गर्न

## सामग्री

- मेटाकार्ड, स्केच पेन, न्युज प्रिन्ट कागज, मार्कर, मास्किङ टेप
- "मेरोलागि यौनिकता भन्नाले..." सूचिपत्र (अध्ययन सामग्री - ३)

## मुख्य विषयवस्तु

- यौन र यौनिकताको अर्थ
- बृहत् यौनिकता शिक्षाको ऐतिहासिक विकासक्रम
- बृहत् यौनिकता शिक्षाको परिचय
- बृहत् यौनिकता शिक्षाका प्रमुख अवधारणाहरू

## सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १ : यौन र यौनिकताको अर्थ — २० मिनेट

- सहभागीहरूलाई “मेरोलागि यौनिकता भन्नाले...” सूचिपत्र बाँड्नुहोस् ।
- उहाँहरूलाई त्यस सूचिपत्रमा भएका शब्दहरू मध्येबाट आफू अनुकूल वा यौनिकतासँग सम्बन्धित लाग्ने शब्दहरूमा गोलो घेरा लगाउन भन्नुहोस् ।
- यसका लागि तीन-चार मिनेटको समय दिनुहोस् ।
- उहाँहरूलाई शब्दहरूमा घेरा लगाइसकेपछि घेरा लगाएका शब्दहरूलाई गन्न लगाउनुहोस् र जतिवटा शब्दहरूमा घेरा लगाएको हो त्यो अङ्क त्यही पानामा लेख्न भन्नुहोस् ।
- उहाँहरूलाई सो अनुरूप थोरै देखि धेरै कतिवटा सम्म शब्दमा घेरा लगाएको हो, विभाजन गर्नुहोस् । त्यसपछि किन कसैले थोरै शब्द र कसैले धेरै शब्दमा घेरा लगाएको भनेर छलफल गर्नुहोस् ।
- ती हरेक शब्दले यौनिकता बुझाउँछ भनेर बताइ दिनुहोस् ।
- यौन र यौनिकताको अर्थ बताइ यो भनेको व्यक्तिको सम्पूर्ण व्यक्तित्वको प्रतिनिधित्व हो भनि उदाहरणसहित ब्याख्या गर्नुहोस् ।

**चार्ट नं. १. यौनको अर्थ**

जैविक (Biological) गुणको आधारमा हुने विशेषता र भिन्नतालाई यौन भनिन्छ । महिला, पुरुष र यौनिक अल्पसङ्ख्यक यसका उदाहरण हुन् ।

**चार्ट नं. २. यौनिकताको अर्थ**

यौनिकता भनेको मानिसको जीवनको केन्द्रिय पक्ष हो । यौनिकताले जीवनका धेरै पक्षहरूलाई समेटेको हुन्छ । मुख्यतयाः यौन, यौनिक पहिचान र भूमिका, यौन आकर्षण र प्रजनन जस्ता विषयहरूको समष्टी रूप नै यौनिकता हो ।

यौन र यौनिक व्यवहारहरूसँग सम्बन्धित हाम्रा विचार, मूल्य मान्यता, अनुभव, भावना आदिका अभिव्यक्ति यौनिकता हुन् ।

यौनिकताले यौनसम्बन्धी मानव विचारहरू, यौनसम्बन्धी मूल्य तथा मान्यता, यसको अर्थ, यसलाई हामीले कसरी प्रयोग गर्छौं तथा कसरी नियन्त्रण वा सीमित गर्छौं भन्ने कुराहरूको समग्रतालाई बुझाउँछ ।

## क्रियाकलाप २ : बृहत् यौनिकता शिक्षाको ऐतिहासिक विकासक्रम 30 मिनेट

- सहभागीहरूलाई यौनिकता शिक्षालाई नेपालको परिवेशमा अहिले पनि सहज रूपमा स्वीकार्न सक्ने अवस्था नदेखिएको र यस विषयलाई करीब दुई दशकदेखि विद्यालय पाठ्यक्रममा समावेश गरी अध्यापन गरिए तापनि हालसम्म पनि हाम्रो समाज र नीति निर्माताहरूलाई यौनिकता शिक्षाको महत्व बुझाउन नसकिएको कुरा अवगत गराउनुहोस् ।

- सहभागीहरूलाई विवाहपूर्व वा पर-परपुरुष गमनलाई निरुत्साहित पार्ने उद्देश्यले अमेरिकामा समेत संयमतामा आधारित यौनिकता शिक्षामा जोड दिन थालिएको कुरा बताउँदै, यसका लागि ठुलो धनराशी खर्च गरिएको तर त्यसले आफ्नो उद्देश्य पुरा गर्न नसकेको कुरा बताउनुहोस् ।

- William Smith ले सन् २००४ मा पहिलो पटक तत्कालिन बुस प्रशासनको विरुद्ध आवाज उठाउँदै बृहत् यौनिकता शिक्षालाई व्यवहारिक शिक्षाका रुपमा शुरुवात गरेको कुरा बताउनुहोस् ।

## क्रियाकलाप ३ : बृहत् यौनिकता शिक्षाको परिचय र प्रमुख अवधारणाहरु 30 मिनेट

- केहि सहभागीहरूलाई यौनिकता शिक्षाको अर्थ सोध्नुहोस् र केहि सहभागिहरूलाई बृहत् यौनिकता शिक्षा किन परम्परागत वा संयमतामा आधारित यौनिकता शिक्षाभन्दा फरक छ भनेर सोध्नुहोस् ।
- आईटीजीएसई (ITGSE) - २०१८ का अनुसार बृहत् यौनिकता शिक्षाको अर्थ बताउनु होस् ।
- यो शिक्षाका विभिन्न विशेषताहरू जानकारी दिनुहोस् ।

### चार्ट नं. ३. बृहत् यौनिकता शिक्षाको अर्थ

बृहत् यौनिकता शिक्षा भनेको यौनिकतासम्बन्धी संज्ञान, संवेग, शारीरिक र सामाजिक पक्षहरूको सिकाइ प्रक्रियाको एक अधिकारमुखी दृष्टिकोण हो जसले युवा किशोरकिशोरीलाई व्यक्तिगत सम्बन्धमा, शारीरिक र संवेगात्मक रूपमा आफ्नो यौनिकतालाई निर्धारण गर्न तथा सुखमय बनाउन यौनसम्बन्धी ज्ञान, सीप, अवधारणा र मान्यताको विकास गर्दछ ।
यो पाठ्यक्रममा आधारित पहिचान र सम्बन्धप्रतिको दृष्टिकोण, विश्वास र महत्व विकास गर्न निरन्तर सिकिराख्नुपर्ने विषय हो जसले युवाहरूलाई स्वास्थ्य र यौनिकतासम्बन्धी पर्याप्त जानकारी र सीप प्रदान गरी विभिन्न विकल्पका बाटोहरू खोलिदिन्छ ।

- सहभागीहरूलाई आईटीजीएसई (ITGSE) - २०१८ का अनुसार बृहत् यौनिकता शिक्षाका आठ प्रमुख अवधारणाहरू प्रस्तुत गरी यस अन्तर्गतका उप-अवधारणाहरू उदाहरणसहित व्याख्या गरि दिनुहोस् । बृहत् यौनिकता शिक्षा मानव शरीर विज्ञान र यौन व्यवहार मात्रैको अध्ययन नभई विभिन्न सामाजिक-सांस्कृतिक र जिवनोपयोगी विषयवस्तुको ज्ञान, धारणा र सीप विकाससँग सम्बन्धित शिक्षण सिकाई प्रक्रिया भएको जानकारी गराउनुहोस् ।

### चार्ट नं. ४. बृहत् यौनिकता शिक्षाका आठ प्रमुख अवधारणाहरू

१. सम्बन्ध (Relationships)
२. मूल्य, अधिकार, संस्कृति र यौनिकता (Values, rights, culture and sexuality)
३. लैङ्गिकताको बुझाई (Understanding gender)
४. हिंसा र सुरक्षित रहनु (Violence and staying safe)
५. स्वास्थ्य र निरोगिताका लागि सिपहरू (Skills for Health and Well–being)
६. मानव शरीर र विकास (Human body and development)
७. यौनिकता र यौनिक व्यवहार (Sexuality and sexual behaviour)
८. यौनिक तथा प्रजनन स्वास्थ्य (Sexual and reproductive health)

**प्रतिबिम्बन** **१० मिनेट**

सत्रको बिच बिचमा सहभागीहरूको क्रियाकलाप अवलोकन गर्नुको साथै निम्न प्रश्नहरू सोधेर सत्रको मूल्याङ्कन गर्नुहोस् :

- यौन र यौनिकता भनेको के हो ?
- बृहत् यौनिकता शिक्षा भनेको के हो ?
- बृहत् यौनिकता शिक्षाका प्रमुख अवधारणाहरू के के हुन् ? नाम बताउनु होस् ।

## अध्ययन सामग्री

### १. बृहत् यौनिकता शिक्षा

बृहत् यौनिकता शिक्षा भन्नाले यौनिकतासम्बन्धी संज्ञान, संवेग, शारीरिक र सामाजिक पक्षहरूको सिकाइ प्रक्रिया हो, जुन पाठ्यक्रममा आधारित हुन्छ । यसले बालबालिका तथा युवाहरूलाई ज्ञान, सीप, अभिवृत्ति र मूल्यहरूसम्बन्धी निम्न कुराहरूमा सशक्त बनाउँछ:

- आफ्नो स्वास्थ्य, निरोगिता र सम्मानलाई महसुस गर्न
- सम्मानजनक सामाजिक र यौनिक सम्बन्ध विकसित गर्न
- आफ्नो व्यवहारबाट आफ्नो स्वास्थ्य र अरूको स्वास्थ्यमा पर्न सक्ने प्रभावलाई विचार गर्न
- जीवनभर आफ्नो र अरूको अधिकारको सुनिश्चित र सुरक्षित गर्न

बृहत् यौनिकता शिक्षा पहिचान र सम्बन्धप्रतिको दृष्टिकोण, विश्वास र महत्त्व विकास गर्न निरन्तर सिकिराख्नुपर्ने विषय हो । यसले युवाहरूलाई स्वास्थ्य र यौनिकतासम्बन्धी पर्याप्त जानकारी, सीप प्रदान गरी विभिन्न विकल्पका बाटाहरू खोलिदिन्छ । यो विभिन्न समूहका अधिकार (महिला, पुरुष, एलजिबिटिआई, युवा) मा आधारित र संवेदनशील विषय हो ।

- उमेर विशिष्ट
- सांस्कृतिक रूपमा स्वीकार्य (अधिकारमा आधारित र लैङ्गितामा केन्द्रित)
- वैज्ञानिक र तथ्यपरक सूचना
- विद्यालय भित्र र बाहिर दिन सकिने शिक्षा
- पाठ्यक्रममा आधारित शिक्षा

युनेस्कोको यौनिकता शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय प्राविधिक निर्देशिका (ITGSE) अनुसार बृहत्त यौनिकता शिक्षाका प्रमुख अवधारणाहरूलाई निम्न उमेर समूहमा प्रस्तुत गरेका छन ।

क. ५ देखि ८ वर्ष (पहिलो तह)

ख. ९ देखि १२ वर्षसम्म (दोस्रो तह)

ग. १२ देखि १५ वर्षसम्म (तेस्रो तह)

घ. १५ देखि १८ वर्षसम्म (चौथो तह)

**मुख्य अवधारणा १ :**
**सम्बन्ध**

विषयहरु :
१.१ परिवार
१.२ मित्रता, रोमाञ्चित सम्बन्ध
१.३ सहिष्णुता, समावेशीकरण र आदर
१.४ लामो समयको प्रतिवद्धता र अभिभावकत्व

**मुख्य अवधारणा २:**
**मूल्य अधिकार, संस्कृति र यौनिकता**

विषयहरू:
२.१ मुल्य र यौनिकता
२.२ मानव अधिकार र यौनिकता
२.३ संस्कृति, समाज र यौनिकता

**मुख्य अवधारणा ३ :**
**लैङ्गिकताको वुझाई**

विषयहरु :
३.१ समाजले निधार्रण गरेको लिङ्ग र लैङ्गिक बनावट
३.२ लैङ्गिक समानता, रुढीवादिता र पूर्वाग्रह
३.३ लिङ्गमा आधारित हिंसा

**मुख्य अवधारणा ४ :**
**हिंसा र सुरक्षित रहनु**

विषयहरु
४.१ हिंसा
४.२ सहमति, गोप्यता र शारीरिक अखण्डता
४.३ सूचना तथा सञ्चार प्रविधी (आइसिटी) को सुरक्षित प्रयोग

**मुख्य अवधारणा ५ :**
**स्वास्थ्य र कल्याणका सीपहरू**

विषयहरु
५.१ यौनिक व्यवहार, मान्यता र दौँतरी प्रभाव
५.२ निर्णय लिनु
५.३ संवाद, इन्कार र सम्झौता गर्ने सीपहरु
५.४ सञ्चार माध्यमको ज्ञान र यौनिकता
५.६ मद्धत र समर्थनको खोजी

**मुख्य अवधारणा ६ :**
**मानव शरीर र विकास**

विषयहरु :
६.१ यौन तथा प्रजनन् प्रणालीको तीनका कार्यहरु
६.२ प्रजनन्
६.३ यौवन
६.४ शारीरिक बनावट

**मुख्य अवधारणा ७**
**यौनिकता र यौन व्यवहार**

विषयहरु
७.१ यौन, यौनिकता र यौनिक जिवनचक्र
७.२ यौनिक व्यवहार र यौनिक प्रतिक्रिया

**मुख्य अवधारणा ८ :**
**यौन र प्रजनन स्वास्थ्य**

विषयहरु :
८.१ गर्भ र गर्भनिरोध
८.२ एचआइभी र एड्समा लाञ्छना, उपचार हेरचाह र सहयोग
८.३ एसटिआइको साथ साथ एच आइभी सहयोगलाई वुझ्ने, पहिचान गर्ने र यसको खतरा कम गर्ने

## २. बृहत् यौनिकता शिक्षाको ऐतिहासिक विकासक्रम

विवाहपूर्व वा परस्त्री-परपुरुष गमनलाई निरुत्साहित पार्ने उद्देश्यले अमेरिकामा संयमतामा आधारित यौनिकता शिक्षा (Abstinence only sexuality education) मा जोड दिन थालियो । यसका लागि अमेरिकी कांग्रेसले सन् १९९८ देखि २००२ सम्म प्रति वर्ष ५० मिलियन डलर खर्च गर्न थाल्यो। सन् २००० ताका संयुक्त राज्य अमेरिका यस अभियानमा लागेको कारण दातृ निकायले पनि सोही तवरले योजनाहरू बनाए ।




सन् २००३ मा मात्रै १२० मिलियन डलर संयमतामा आधारित यौनिकता शिक्षा देशभर लागू गर्न र ५० मिलियन डलर कानून निर्माणमा मात्र खर्च भयो । तर ती कार्यक्रमले विवाहपूर्व गरिने यौन सम्पर्कलाई कम गर्न सकेनन्, किशोरीहरूको गर्भधारण गर्ने क्रमलाई पनि कम गर्न सकेनन् र एचआईभी तथा यौन प्रसारित सङ्क्रमणलाई पनि रोक्न सकेनन् । ठूलो धनराशी खर्च गरेर ल्याएको कार्यक्रमले उद्देश्य पुरा गर्न सकेन ।

Abstinence–Only programs तसर्थ उक्त कार्यक्रम अनुपयक्त / प्रभावहिन भएको कुरा प्रमाणित भयो। William Smith ले सन् २००४ मा पहिलो पटक तत्कालिन बुस प्रशासनको विरुद्ध आवाज उठाउँदै वृहत् यौनिकता शिक्षालाई व्यवहारिक शिक्षाका रुपमा शुरुवात गरे । यौन तथा प्रजनन अधिकारवादी, महिला र लैङ्गिक अधिकारवादी, स्वास्थ्य अधिकारवादी सङ्घहरूले वैज्ञानिक र व्यावहारिक यौनिकता शिक्षा दिनुपर्ने कुरालाई जोड दिए । यौनिकता शिक्षालाई समग्रतामा आधारित गरेर दिइनुपर्छ भनी बृहत् यौनिकता शिक्षाको अवधारणालाई अगाडि सारे ।

## ३. सूचिपत्र

**तलका शब्दहरू राम्ररी पढ्नुहोस् र मिल्ने शब्द वा शब्दहरूमा घेरा लगाउँदै जानुहोस् ।**

**मेरोलागि यौनिकता भन्नाले...** (Sexuality for me means...)

**जिज्ञासा** फोहर शब्द **कर्तव्य** छिल्लिनु **साथी**
खतरनाक **रोमान्टिक** भावनात्मक **प्रोत्साहन** शक्ति
अब एक्लै बस्नु नपर्ने **उत्साह** मैले एक्लैले आनन्द पाउने कुरा **लाज** पिर
**शरीर** शरीर छुनु **विद्रोह** पहिरन **आदर**
**खुसी** माया **चुम्बन** भौतिक सुख **डरलाग्दो**
महिला **पुरुष** यौनिक अल्पसंख्यक **धाक लगाउनु**
**दोषको भावना** रमाइलो **आपत्तिजनक** रुवाइ **बदला**
हाँस्नु **चरमसुख** दिक्कलाग्दो **निर्दयी** ईर्ष्या
सुगन्ध लिनु दिनु **नजिकपन** विश्राम **सम्मान**
**आफ्नो हेरचाह गर्ने कोही** प्रतिभा प्रदर्शन **ध्वनि** ओठ
आनन्द **नरम** बच्चाहरू **नबुझिने कुरा** आहा
**सम्पूर्ण व्यक्तित्व** सञ्चार **त्यागिएको** ब्याज **दुःख**
विवाह **रोगको सङ्क्रमण** मेरो मूल्यमान्यता **शृङ्गार**
**उत्तेजना** चाहना **पति/पत्नी** सम्बन्ध विच्छेद **आँखा**
कमर **भोक** स्तन **योनी** सहवास

७१ वटा मध्ये तपाईंका कती? .........................

# बृहत् यौनिकता शिक्षाको औचित्य र आवश्यकता

**दिन : पहिलो** **सत्र : तेस्रो** **समय : १ घण्टा ३० मिनेट**

## परिचय

नेपाली समाजमा यौनिकतासम्बन्धी विभिन्न भ्रमहरू विद्यमान छन् भने यौनिकता शिक्षा दिएका खण्डमा केटाकेटीहरू झन् यौनिक क्रियाकलापमा संलग्न हुन्छन् भनी भ्रम पाल्नेहरू पनि हाम्रो समाजमा धेरै देखिन्छन् । यस विषयलाई करीब दुई दशकदेखि विद्यालय पाठ्यक्रममा समावेश गरी अध्यापन गरिए तापनि हालसम्म पनि हाम्रो समाज र नीति निर्माताहरूलाई यौनिकता शिक्षाको महत्व बुझाउन सकिएको छैन । यौनिकता शिक्षामा आधारित जीवनोपयोगी सीप अभावका कारण किशोरकिशोरीले विभिन्न किसिमका चुनौतीहरू सामना गरिरहेका हुन्छन् । धेरै किशोरकिशोरी तथा युवाहरूले भ्रामक र विवादास्पद जानकारी प्राप्त गर्छन् । बृहत् यौनिकता शिक्षाले युवाहरूको मागलाई सम्बोधन गर्न युवाहरुलाई सम्बन्ध र यौनिकताबारे सचेत निर्णय गर्न सशक्त बनाउँछ । त्यसैले हाल धेरै देशहरूले बृहत् यौनिकता शिक्षामार्फत विशेषतः किशोरकिशोरी र युवाहरूका आवश्यकता र मुद्दाहरू सम्बोधन गर्ने प्रयास गरिरहेका छन् ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :

- बृहत् यौनिकता शिक्षाको सान्दर्भिकता बताउन
- किशोरकिशोरीहरूलाई बृहत् यौनिकता शिक्षाको आवश्यकता वर्णन गर्न
- बृहत् यौनिकता शिक्षाका लागि साझा वकालतको औचित्य पुष्टि गर्न

## सामग्री

- मेटाकार्ड, न्युज प्रिन्ट कागज, मार्कर, मास्किङ टेप
- सानै उमेरमा बच्चा पाउने केटीको भिडियो
- बृहत् यौनिकता शिक्षाको आवश्यकता लेखेको चार्ट

## मुख्य विषयवस्तु

- बृहत् यौनिकता शिक्षाको सन्दर्भ
- बृहत् यौनिकता शिक्षाको आवश्यकता
- बृहत् यौनिकता शिक्षाका लागि साझा वकालत

## सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १: बृहत् यौनिकता शिक्षाको सन्दर्भ — ४० मिनेट

- सहभागीहरूलाई यसभन्दा पहिलाको सत्रमा के के सिक्यौं भनेर दोहोर्‍याउन लगाउनुहोस् । उहाँहरूलाई आफूलाई लागेका विचारहरू भन्न उत्प्रेरित गर्नुहोस् । सबैले अघिल्लो सत्रको विषय बुझेको र नबुझेको यकिन गर्नुहोस् र कुनै सहभागीले बृहत् यौनिकता शिक्षाको अर्थ नबुझेको पाइएमा स्पष्ट पारिदिनुहोस् ।
- सहभागीहरूलाई बृहत् यौनिकता शिक्षाको सन्दर्भ जोड्न एउटा "सानै उमेरमा बच्चा पाउने केटीको भिडियो" देखाउनुहोस् ।
- भिडियो पश्चात केहि सहभागीहरूलाई पालैपालो भिडियोमा देखाइएकी पात्रले किन सानै उमेरमा बच्चा जन्माउन पुगिन्, यो अवस्था किन आयो, आदि प्रश्न सोध्नुहोस् । सहभागीले भनेका कुरालाई सम्मान गर्दै किशोर किशोरीमा रहेको यौनिकता शिक्षाको अभावतर्फ प्रकाश पार्नुहोस् ।
- दीगो विकास लक्ष्य २०३० (SDG २०३०) संग प्रसंग जोड्दै हाल नेपालका किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको अवस्थाबारे प्रष्ट पार्नुहोस् ।

### क्रियाकलाप २: बृहत् यौनिकता शिक्षाको आवश्यकता र यसकालागि साझा वकालत — ४० मिनेट

- सहभागीहरूलाई एक एकवटा मेटाकार्ड बाड्नुहोस् । उहाँहरूलाई "बृहत् यौनिकता शिक्षा किन "भन्ने प्रश्न गर्दै यसको एक एकवटा आवश्यकता लेख्न लगाउनुहोस् ।
- सहभागीहरूले मेटाकार्डमा लेखेका कुरा बोर्डमा टाँस्नुहोस् । सबैका विचारलाई सम्मान गर्दै छलफल गर्नुहोस् ।
- अधिकांश देशहरूले बृहत् यौनिकता शिक्षाको अवधारणालाई प्राथमिकता दिएका छन् र यसको कार्यान्वयनलाई बलियो बनाउन खोजिरहेका छन् भन्ने कुरा बताउँदै चार्ट वा स्लाइडका मद्दतले यसका महत्व र आवश्यकताहरू छलफल गर्नुहोस् ।
- नेपालको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पनि आफ्नो विद्यालयको पाठ्यक्रममा बृहत यौनिकता शिक्षाको महत्व बुझेर यो विषयवस्तु समावेश गरेको विषयमा छलफल गर्नुहोस् ।
- बृहत यौनिकता शिक्षाकालागि स्थानीय निकाय, विद्यालय, समुदाय, र सामाजिक संस्थाहरूले मिलेर काम गर्ने गर्न साझा वकालतको आवश्यकता छ भनेर बताउनुहोस् ।

### प्रतिबिम्बन — १० मिनेट

सत्रको बिच बिचमा सहभागीहरूको क्रियाकलाप अवलोकन गर्नुको साथै निम्न प्रश्नहरू सोधेर सत्रको मूल्याङ्कन गर्नुहोस् :

- किशोरकिशोरीहरूलाई बृहत यौनिकता शिक्षा किन आवश्यक छ ?
- नेपालको विद्यालय तहमा बृहत यौनिकता शिक्षाको के-कस्तो प्रबन्ध छ ?
- बृहत यौनिकता शिक्षाकालागि किन साझा वकालतको आवश्यकता छ ?

# अध्ययन सामग्री

## १. बृहत् यौनिकता शिक्षाको औचित्य

यौनिकता शिक्षामा आधारित जीवनोपयोगी सीप अभावका कारण किशोरकिशोरीले विभिन्न किसिमका चुनौतीहरू सामना गरिरहेका हुन्छन् । धेरै किशोरकिशोरी तथा युवाहरूले भ्रामक र विवादास्पद जानकारी प्राप्त गर्छन् । त्यसैले उनिहरूमा सुरक्षित, उत्पादनशिल र पूर्ण जीवनको लागि तयार गर्ने भरपर्दो र उपयोगी जानकारीको बढ्दो माग छ । वृहत यौनिकता शिक्षाले यस मागलाई सम्बोधन गर्न युवाहरुलाई सम्बन्ध र यौनिकताबारे सचेत निर्णय गर्न सशक्त बनाउँछ । यसले उनीहरूको यौन र प्रजनन स्वास्थ्यको बारेमा जीवन परिवर्तनकारी निर्णयहरू लिन मद्दत गर्दछ । अधिकांश किशोरकिशोरीहरूमा जिम्मेवार ढंगले निर्णय लिन आवश्यक ज्ञानको अभाव हुन्छ जसले उनीहरूलाई यौन संक्रमण र अनिच्छित गर्भधारण लगायत अन्य जोखिममा पुर्याउँछ ।

विश्व स्वास्थ्य सङ्गठनले १०५० ओटा यौनिकता शिक्षासम्बन्धी वैज्ञानिकहरूको लेखको समीक्षा गरेको थियो, जसअनुसार बृहत् यौनिकता शिक्षाले ढिलो यौनसम्पर्क राख्ने र अन्य गर्भनिरोधकको प्रयोग बढाउने कुरालाई प्रमाणित गरेको पाईयो । त्यस्तै सन् २००६ मा युएनएडले गरेको अध्ययनअनुसार बृहत् यौनिकता शिक्षाको कारण लागु औषध प्रयोगमा कमी र स्वास्थ्य सेवाको प्रेषण सङख्यामा वृद्धि भएको देखाएको छ । बृहत् यौनिकता शिक्षाको कारण लैङ्गिक हिंसा, लाञ्छना र भेदभाव न्यूनीकरण भएको छ (Santelli et al, २००६) ।

डोगलस किर्बीले ४८ ओटा बृहत् यौनिकता शिक्षा कार्यक्रमको अध्ययन गरी निम्न तथ्यहरू सार्वजनिक गरेका छन् :

- ४० प्रतिशतले यौन सम्पर्कको कार्य ढिलो सुरु गरेको, यौन जोडीको सङख्या कम गरेको र गर्भनिरोधका उपायहरू अपनाएको
- ३० प्रतिशतले यौन सम्पर्कको मात्रा नै घटाई संयमताको जीवन अपनाएको
- ६० प्रतिशतले असुरक्षित यौन सम्पर्कमा कमी ल्याएको

युनेस्कोको सक्रियतामा सन् २००८ - २००९ मा यौनिकता शिक्षाले यौनिक व्यवहारमा पारेको प्रभावको अध्ययनको पुनरावलोकन गरिएको थियो । उक्त पुनरावलोकनका जम्मा ८७ वटा अध्ययनमा विकासोन्मुख राष्ट्रका २९ वटा, विकसित राष्ट्रका ११ वटा र संयुक्त राज्य अमेरिकाका ४७ वटा अध्ययनहरू समाविष्ट थिए । उक्त पुनरावलोकनको सारांश निम्नानुसार छः

- ढिलो यौन सम्पर्क सुरु गर्ने ३७ प्रतिशत
- यौन सम्पर्क गर्ने सङ्ख्या घटाउँदै लग्ने ३१ प्रतिशत
- यौन जोडीको सङ्ख्या घटाउनेमा ४४ प्रतिशत
- कन्डम तथा गर्भनिरोधका उपाय अपनाउने ४० प्रतिशत
- यौनिकतासम्बन्धी कुनै पनि जोखिम लिन नचाहने ५३ प्रतिशत

## २. बृहत् यौनिकता शिक्षाको आवश्यकता

युनेस्कोको २०१६ ग्लोबल रिभ्यु अनुसार, अधिकांश देशहरूले बृहत् यौनिकता शिक्षाको अवधारणालाई प्राथमिकता दिएका छन् र यसको कार्यान्वयनलाई बलियो बनाउन खोजिरहेका छन् । बृहत् यौनिकता शिक्षाले बालबालिका र युवाहरूलाई निम्न कुरामा विकास गर्न सक्षम बनाउँछ :

- सही र उमेर उपयुक्त ज्ञान,
- मनोवृत्ति र सीपहरू
- मानव अधिकारको सम्मान, लैङ्गिक समानता र विविधता, र
- सुरक्षित, स्वस्थ, सकारात्मक सम्बन्धमा योगदान गर्ने मनोवृत्ति र सीपहरू सहित सकारात्मक मूल्यहरू

नेपाल सरकारले किशोरकिशोरी र युवाहरूलाई सबैभन्दा कमजोर, कम सेवा पुगेको समूहको रूपमा पहिचान गरेको छ, जो धेरै प्रकारका यौन र प्रजनन स्वास्थ्य समस्याहरू, छिटो र अनिच्छित गर्भधारणदेखि लिएर एचआईभी लगायत यौन प्रसारित संक्रमणहरूका लागि जोखिममा छन् । सन् २०१७ जुलाइ सम्ममा एचआईभी संक्रमण भएका सबै व्यक्तिहरू मध्ये, लगभग १५% १५-२४ वर्षका केटाकेटीहरू थिए (NCASC, २०१७) ।

विश्व समुदायले किशोरकिशोरी र युवाहरूका लागि लिएको दिगो विकासका लक्ष्यहरू प्राप्तगर्न धेरै कार्यक्रमहरू समावेश गरेको हुनाले, नेपाल सरकारले पनि किशोरकिशोरी र युवाहरूमा बृहत यौनिकता शिक्षाको ज्ञान सुधार गर्न प्रयास गरिरहेको छ, तर पर्याप्त छैन ।

किशोरकिशोरीहरूको स्वास्थ्य र कल्याणमा रणनीतिक लगानीले उनीहरूको लागत भन्दा १० गुणा बढी आर्थिक र सामाजिक लाभहरू दिन्छ, १२.५ मिलियन जीवन बचाउँछ, ३० मिलियन भन्दा बढी अनावश्यक गर्भावस्था रोक्न र अपाङ्गताको जोखिमतालाई रोक्न सक्छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले किशोरकिशोरी स्वास्थ्य र विकासलाई एक प्रमुख गतिविधिको रूपमा प्राथमिकता दिएको कारणले राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य र विकास रणनीति निर्माण गरेको छ ।

त्यस्तै, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) २०२२/२३-२०३१/३२ ले उनीहरूको गोपनीयता र महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी आवश्यकताहरू पूरा गरेर सहभागितालाई सुदृढ गर्ने र किशोरकिशोरीहरूको विद्यालय छाड्ने दरलाई न्यूनीकरण गर्ने लक्ष्य राखेको छ ।

साथै SESP ले एचआईभी/एड्स रोकथाम, स्वच्छता र पोषण लगायत सीपमा आधारित स्वास्थ्य शिक्षा मार्फत किशोरकिशोरीहरूको स्वस्थ व्यवहार प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । नेपालको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पनि आफ्नो विद्यालयको पाठ्यक्रममा वृहत यौनिकता शिक्षाका विषयवस्तु समावेश गरेको छ ।

कक्षा ४-८ मा, CSE का विषयवस्तुहरू स्वास्थ्य, शारीरिक र सृजनात्मक कला विषयमा समावेश गरिएको छ तर कक्षा ९ र १० मा स्वास्थ्य, जनसंख्या र वातावरण शिक्षा विषय हटेको छ । धेरै शिक्षक र विद्यार्थीको संकोचका कारण पाठ्यक्रममा भएका अधिकांश विषयवस्तुहरू पनि कक्षामा शिक्षण हुँदैनन् । त्यसैले पनि हाल किशोरकिशोरीका मुद्दाहरू प्रभावकारी तरिकाले सम्बोधन गर्न यो शिक्षाको आवश्यकता छ ।

## ३. बृहत् यौनिकता शिक्षाका लागि साझा वकालत

विश्वव्यापी रूपमा धेरै देशहरूले युवाहरूलाई उनीहरूको जीवनमा जिम्मेवार छनोटहरू गर्नको लागि उपयुक्त ज्ञान र सीपहरू प्रदान गर्ने कुरालाई बढ्दो रूपमा स्वीकार गरेका छन्, विशेष गरी जहाँ उनीहरू इन्टरनेट र अन्य मिडिया मार्फत यौनजन्य सामग्रीको बढी जोखिममा छन् ।

बिशेषगरी २०३० एजेन्डा र यसको विश्वव्यापी दिगो विकास लक्ष्यहरू (SDGs) ले कसैलाई पनि पछि नछोड्न, र सबैकालागि मानव अधिकार र लैङ्गिक समानताको प्राप्तिको लागि कार्य गर्न आह्वान गरेको छ ।
शिक्षा, लैङ्गिक समानता, स्वास्थ्य र कल्याणका लक्ष्यहरू प्राप्त गर्न राजनीतिक प्रतिबद्धताले सबै ठाउँका बालबालिका र युवाहरूलब बृहत् यौनिकता शिक्षा पुर्‍याउन महत्त्वपूर्ण अवसर प्रदान गर्दछ। तसर्थ, बृहत् यौनिकता शिक्षाको लागि साझा वकालतको निरन्तर प्रयासको आवश्यकता छ ।

# बृहत् यौनिकता शिक्षाको प्रभावकारी कार्यान्वयनमा सामाजिक मूल्य-मान्यताको प्रभाव

**दिन : पहिलो** **सत्र : चौथो** **समय : १ घण्टा ३० मिनेट**

## परिचय

धेरैजसो यौनिकतासम्बन्धी मूल्य र मान्यताहरु मानिसले आफ्नो घरपरिवार, आफू हुर्केको समाज र नजिकका साथीसंगीबाट सिक्ने गर्दछन् । सामाजिक मान्यताले व्यक्तिको यौनिक व्यवहारमा पनि प्रत्यक्ष सम्बन्ध राख्दछ । यसले व्यक्तिको यौनिक मूल्य र व्यवहारमा सकारात्मक र नकारात्मक दुवै प्रभाव पार्दछ । विशेषगरी रुढिवादी संस्कृतिले जरा हालेको समाजमा संकीर्ण यौनिक मूल्य र व्यवहार विद्यमान हुने भएकाले यौनिकता शिक्षा प्रदान गर्न पनि गाह्रो हुन सक्छ । नीति निर्माता र सामाजिक अभियन्ताहरूलाई पनि बृहत् यौनिकता शिक्षाको कार्यान्वयन गर्दा यस्ता सामाजिक मूल्य-मान्यताले प्रभाव पार्न सक्छन् ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :

- यौनिकतासम्बन्धी व्यक्तिगत तथा सामाजिक मूल्य-मान्यताको अर्थ बताउन
- यौनिकतासम्बन्धी नेपालमा प्रचलित केहि प्रभावकारी र केहि परिमार्जन गर्नुपर्ने मूल्य-मान्यताहरू पहिचान गर्न
- यौनिकतासम्बन्धी मूल्य-मान्यताप्रति अभिमत जाहेर गर्न
- बृहत यौनिकता शिक्षाको प्रभावकारी कार्यान्वयनमा सामाजिक मूल्य-मान्यताको प्रभाव बताउन

## सामग्री

- मेटाकार्ड, न्युज प्रिन्ट कागज, मार्कर, मास्किङ टेप
- यौनिकतासम्बन्धी मूल्य-मान्यताप्रति अभिमत जाहेर गर्ने तालिका
- नेपाली मठमन्दिरमा रहेका यौनिकतासम्बन्धी चित्रहरू

## मुख्य विषयवस्तु

- यौनिकतासम्बन्धी व्यक्तिगत तथा सामाजिक मूल्य-मान्यता
- बृहत यौनिकता शिक्षाको प्रभावकारी कार्यान्वयनमा सामाजिक मूल्य-मान्यताको प्रभाव

## सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १: यौनिकतासम्बन्धी व्यक्तिगत तथा सामाजिक मूल्य-मान्यता ५० मिनेट

- सहभागीहरूलाई मूल्य मान्यताको अर्थ सोध्नुहोस् । प्राप्त उत्तरहरूलाई न्युज प्रिन्ट कागजमा टिप्नुहोस् । उहाँहरूलाई यसको अर्थ स्पष्ट पार्नुहोस् ।
- यौनिकतासम्बन्धी व्यक्तिगत मूल्य फरक फरक समेत हुन सक्दछन्, जुन सही वा गलत भन्ने हुँदैनन् भनेर उदाहरणसहित बताउनुहोस् ।
- सहभागीहरूलाई २ समूहमा विभाजन गर्नुहोस् । उहाँहरूलाई नेपालमा प्रचलित यौनिकतासम्बन्धी केहि राम्रा वा प्रभावकारी मूल्य-मान्यताहरू र केहि परिमार्जन गर्नु पर्ने मूल्य-मान्यताहरू छलफल गरी चार्टमा लेख्न लगाउनुहोस् । समय १५ मिनेट दिनुहोस् । दुवै समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् र त्यसमा छलफल गराउनुहोस्। सहभागीका कार्यको प्रशंसा गर्दै बाँकी प्रस्तुति दिनुहोस् ।
- यौनिकतासम्बन्धी मूल्य-मान्यताप्रति अभिमत जाहेर गर्ने तालिका देखाउँदै पालैपालो "सहमत, असहमत वा तटस्थ" भनेर अभिमत जाहेर गर्न लगाउनुहोस् । यौनिकतासम्बन्धी जस्तोसुकै मूल्य-मान्यता भएतापनि
- मानव स्वास्थ्यमा त्यसको प्रतिकूल प्रभाव पर्दछ भने मात्र त्यस्तो मूल्य गलत हो, अन्यथा कुनै पनि यस्ता मूल्य-मान्यताहरू पूर्णतया गलत वा सहि भन्ने हुँदैनन् भनेर चर्चा गर्नुहोस् ।

### क्रियाकलाप २: सामाजिक मूल्य-मान्यताको प्रभाव ३० मिनेट

- सहभागीहरूलाई मेटाकार्ड दिनुहोस् र बृहत यौनिकता शिक्षाको प्रभावकारी कार्यान्वयनमा सामाजिक मूल्य-मान्यताले पार्ने एक प्रभाव लेख्न लगाउनुहोस् । सहभागीका विचारलाई बोर्डमा टाँस्दै छलफल गर्नुहोस् । सहभागीको प्रस्तुतिपश्चात यसबारे विस्तृत वर्णन गर्नुहोस् ।
- रुढिवादी संस्कृतिले जरा हालेको समाजमा संकीर्ण यौनिक मूल्य र व्यवहार विद्यमान हुन्छन् भने सुसंस्कृत र खुला समाजमा यौनिकतालाई महत्वपूर्ण विषयका रूपमा स्वीकार गरिएको हुन्छ र यौनिक व्यवहार पनि त्यति नै सुरक्षित हुन्छन् भनेर बताउनुहोस् ।
- नेपाली मठमन्दिरमा रहेका यौनिकतासम्बन्धी चित्रहरू प्रस्तुत गर्दै नेपाली मूल संस्कृतिमा यौनिकतालाई एक महत्वपूर्ण विषयका रूपमा लिईएको थियो भनेर जानकारी दिनुहोस् ।
- नेपाली संस्कृति मूलतः खुला र सुसंस्कृत हुने गरेतापनि हाल विभिन्न रूढिवादिता, भ्रम र बन्देजका कारणले यौनिकतासम्बन्धी संकीर्णतासहित बाँची रहेकोछ र यसले किशोरकिशोरीमाझ कुण्ठालाई प्रवर्द्धन गरिरहेको छ भनेर बताउनुहोस् ।
- शिक्षामार्फत नै संकीर्ण मूल्य-मान्यतामा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा सबैको सहमती जुटाउनुहोस् ।

### प्रतिबिम्बन १० मिनेट

सत्रको बिच बिचमा सहभागीहरूको क्रियाकलाप अवलोकन गर्नुको साथै निम्न प्रश्नहरू सोधेर सत्रको मूल्याङ्कन गर्नुहोस् :

- मूल्य भनेको के हो ?
- मानिसहरु कस्ता मूल्यहरु तर्फ झुकाव राख्छन ?
- कस्तो मूल्य गलत मानिन्छ?
- यौनिकतासम्बन्धी व्यक्तिगत र सामाजिक मूल्य-मान्यताले किन कुनै निर्णय लिने कार्यमा पूर्वाग्रहको काम गर्दछ ?
- नेपाली संस्कृति यौनिकताका सन्दर्भमा मूलतः कस्तो थियो ?

## अध्ययन सामग्री

### १. मूल्य

मूल्यहरु भनेका व्यक्तिगत विश्वास हुन् जसले मानिसलाइ एक वा अनेक तरिकाले काम गर्न प्रेरित गर्छन् । व्यक्तिगत मूल्यमान्यता त्यस्ता अभिव्यक्ति हुन् जसलाई मानिसले महत्व दिएको हुन्छ । मूल्यले कुनै कुराको महत्व दर्शाउँछ जुन व्यक्तिका लागि मान्य पनि हुन्छ । मानिसहरु त्यस्ता मूल्यहरु तर्फ झुकाव राख्छन् जसमा उनीहरू हुर्केका हुन्छन् । मानिसहरु ती मूल्यहरू नै सही भएको विश्वास गर्छन् किनभने ती उनीहरूको संस्कृतिका अभिन्न भाग हुन्छन् ।

- धेरैजसो यौनिकतासम्बन्धी मुल्य र मान्यताहरू मानिसले आफ्नो घरपरिवार, आफू हुर्केको समाज र नजिकका साथीसंगीबाट सिक्ने गर्दछन् । यौनिकतासम्बन्धी व्यक्तिगत मूल्य फरक फरक समेत हुन सक्दछन्, जुन सही वा गलत भन्ने हुँदैन । एउटा समाजमा सही ठहरिने कुनै यौनिक व्यवहार अर्को समाजमा अपाच्य पनि हुनसक्दछ । तर यौनिकता सम्बन्धी यस्ता मूल्यहरु पूर्णतया गलत वा सही भन्ने हुँदैनन् । यौनिकता सम्बन्धी जस्तोसुकै मूल्य मान्यता भएता पनि मानव स्वास्थ्यमा त्यसको प्रतिकूल प्रभाव पर्दछ भने मात्र त्यस्तो मूल्य गलत हो ।

केही मूल्यमान्यताहरू वर्तमानमा समेत प्रभावकारी हुन्छन्, जस्तैः

- "छोराछोरीलाई १६ वर्षपछि साथीसमान व्यवहार गर्ने" (लालयेत् पंचवर्षाणि दशवर्षाणि ताडयेत् । प्राप्ते तु षोडशे वर्षे पुत्रं मित्रवदाचरेत।।)
- "आफ्नो यौन साथीप्रति वफादार रहने"

तर केही मूल्यमान्यताहरू वर्तमानमा परिमार्जन गर्नुपर्ने हुन्छन्, जस्तैः

- "महिनावारी भएकी महिलाले छोएमा पाप लाग्छ"
- "महिलाले घरभित्रको र पुरुषले घरबाहिरको काम गर्नु पर्छ"
- "विवाहअघि पुरुष जे भएपनि महिला चाहीं कुमारी हुनुपर्छ"

### २. यौनिकतासम्बन्धी मूल्य-मान्यताप्रति अभिमत जाहेर गर्ने तालिका

| मूल्यमान्यता | सहमत | असहमत | तटस्थ |
|---|---|---|---|
| विवाहपूर्व यौन सम्पर्क गर्नु हुँदैन | | | |
| विवाहअगाडि सुरक्षित तरिकाले यौन सम्पर्क राख्न हुन्छ | | | |
| विधवाले पुनः विवाह गर्नु हुँदैन | | | |
| सन्तान एक मात्र जन्माउनु राम्रो हुन्छ | | | |
| परस्त्री वा परपुरुष यौन सम्बन्ध कायम गर्नु अपराध हो | | | |
| यौन शिक्षाले किशोरकिशोरीलाई सानै उमेरमा यौन सम्बन्ध कायम गर्न उत्तेजित पार्दछ | | | |
| समयौनिक सम्बन्ध कायम गर्नु पाप हो | | | |
| हस्तमैथुन गर्नाले पढाइ बिग्रिन्छ, आँखा कमजोर हुन्छ र दुर्बल गराउँछ | | | |
| गर्भनिरोधको स्थायी साधन प्रयोग गर्ने मानिस अशुद्ध हुन्छ | | | |
| जम्मा | | | |

## ३. बृहत यौनिकता शिक्षाको प्रभावकारी कार्यान्वयनमा सामाजिक मूल्य-मान्यताको प्रभाव

व्यक्तिको मूल्यमान्यताले कुनै कुरा निर्णय गर्न पूर्वाग्रहको काम गर्नेगर्छ। निर्णय गर्ने बेला आफूले मूल्य दिएको कुरालाई बढी ग्राह्यता दिन पुग्छौं र सोहीअनुसार निर्णय लिने गर्छौं जुन सही या गलत जे पनि हुन सक्छ ।

व्यक्ति जुन समुदायबाट आएको हुन्छ त्यसको यौनिकतासम्बन्धी मान्यता पनि त्यसै अनुसार हुन्छ । सामाजिक मान्यताले व्यक्तिको यौनिक व्यवहारमा प्रत्यक्ष सम्बन्ध राख्दछ । सामाजिक मान्यताले व्यक्तिको यौनिक मूल्य र व्यवहारमा सकारात्मक र नकारात्मक दुवै प्रभाव पार्दछ। रुढिवादी संस्कृतिले जरा हालेको समाजमा संकीर्ण यौनिक मूल्य र व्यवहार विद्यमान हुन्छन् ।

सुसंस्कृत र खुला समाजमा यौनिकतालाई पनि महत्वपूर्ण विषयका रूपमा स्वीकार गरिएको हुन्छ । यौनिकताको महत्व बुझेको समाजमा यौनिकता शिक्षा प्रदान गर्न पनि सजिलो हुन्छ। त्यसैगरी समाज जति खुल्न सक्छ, यौनिक व्यवहार पनि त्यति नै सुरक्षित बनाउन सकिन्छ। खुल्ला छलफल हुन सक्ने समाजमा समस्याहरुबारे खुल्ला रुपमा छलफल हुन्छ र समस्याको समाधान खोज्न पनि सजिलो हुन्छ । यसले व्यक्तिको यौनिक व्यवहारलाई सकारात्मक रुपमा प्रभावित गर्दछ ।

नेपाली संस्कृति मूलतः खुला र सुसंस्कृत हुने गरेतापनि हाल विभिन्न रूढिवादिता, भ्रम र बन्देजका कारणले यौनिकतासम्बन्धी संकीर्णतासहित बाँची रहेको अनुभूत हुन्छ। यसले किशोरकिशोरीमाझ कुण्ठालाई प्रवर्द्धन गरिरहेको छ। तसर्थ : शिक्षामार्फत नै संकीर्ण मूल्य-मान्यतामा सुधार ल्याउन सकिन्छ। हाम्रो सुसंस्कृत अतीतलाई पुनर्विश्लेषण गराई  यौनिक संकीर्णतालाई हटाउनु जरूरी छ ।

# किशोरकिशोरीको यौनिकता शिक्षा, यौन तथा प्रजनन स्वास्थ्य र अधिकारसम्बन्धी मुद्दाहरूको सम्बोधन

**दिन : दोस्रो** **सत्र : पहिलो** **समय : १ घण्टा ३० मिनेट**

## परिचय

यौनिकता शिक्षा, यौन तथा प्रजनन अधिकार एक आधारभूत अधिकारको रुपमा स्थापित भएको छ। सबै मानिसहरुलाई विना कुनै भेदभाव आफ्नो यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धमा निर्णय लिन र लिन र उपलब्ध सेवाहरु उपभोग गर्न पाउने अधिकार निहीत रहेको छ। किशोरकिशोरी, युवायुवती, अपाङ्गता भएका व्यक्तिहरु, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक - लगायत सम्पूर्ण वर्गका व्यक्तिहरुले निर्वाधरुपमा आफ्नो यौन तथा प्रजनन अधिकार उपभोग गर्न पाउनु पर्दछ। यौन तथा प्रजनन अधिकारहरु सुनिश्चित गर्ने कुरामा नेपाल सरकारले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा विभिन्न प्रतिवद्धता जाहेर गर्नुको साथै आफ्ना विभिन्न नीतिनियम तथा कानुनी प्रावधानहरु मार्फत ती अधिकारहरू लागू गर्ने कार्यमा प्रयास गर्दै आएको छ। फलस्वरुप बृहत् यौनिकता शिक्षा अन्तर्राष्ट्रिय एवं राष्ट्रिय कानुनी एवं नीतिगत तहमा एकिकृत गरिएको छ। यसबाट यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धी सवालहरुको सम्वोधनमा मद्धत पुगेको पाइन्छ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरु निम्न कार्यमा सक्षम हुनेछन् :

- किशोरकिशोरी, युवा, अपाङ्गता भएका व्यक्तिहरु एवं यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरुको वृहत यौनिकता शिक्षामा पहुँचको अधिकारहरुको चर्चा गर्न
- यौन तथा प्रजनन स्वास्थ्य र अधिकारहरु, वृहत यौनिकता शिक्षा र लैङ्गिक समानता सम्बन्धी विद्यमान अन्तर्राष्ट्रिय र राष्ट्रिय नीति एवं कानुनी प्रावधानहरु र तीनको कार्यान्वयनको स्थिति वर्णन गर्न

## मुख्य विषयवस्तु

- किशोरकिशोरी एवं युवा, अपाङ्गता भएका व्यक्ति तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको यौनिक तथा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकारको
- नेपालमा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, वृहत यौनिकता शिक्षा र लैङ्गिक समानता सम्बन्धी विद्यमान अन्तर्राष्ट्रिय र राष्ट्रिय नीति नियम तथा कानुनी प्रावधानहरु र तीनको कार्यान्वयनको स्थिति

## सामग्री

- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्ति तथा किशोरकिशोरी एवं युवाहरुको यौनिक तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी सूचि लेखिएको चार्ट
- यौनिक तथा प्रजनन स्वास्थ्य सम्बन्धी कथनहरू लेखिएको फाराम
- न्यूजप्रिन्ट
- मार्कर
- मास्किङटेप

## सहजीकरण क्रियाकलाप

### क्रियाकलाप नं. १ : यौनिक तथा प्रजनन स्वास्थ्य अधिकारबारे धारणा संकलन र छलफल। ६० मिनेट

सहभागीहरुलाई ४/५ वटा समूहहरुमा विभाजन गर्ने । उनीहरुको यौनिक तथा प्रजनन स्वास्थ्य सम्बन्धी धारणा संकलन गर्न फारामहरु वितरण गर्ने । उनीहरुलाई व्यक्तिगत रुपमा ती फारामहरु भर्न लगाउने । प्राप्त भएका विचारहरु फाराम हेरी सहमत, असहमत वा तटस्थ के छन् र ती धारणा व्यक्तहुनाका कारणहरु समूहमा छलफल गर्ने । प्रत्येक समूहका प्रतिनिधीले आफ्नो समूह कार्यको संक्षिप्त रिपोर्टिङ सबै सहभागीहरु समक्ष गर्ने ।

यौनिक तथा प्रजनन स्वास्थ्य सम्बन्धी सहभागीहरुको धारणा संकलन फाराम

| सि.न. | कथनहरु | सहमत | असहमत | यसै भन्न नसकिने |
|---|---|---|---|---|
| १. | अपाङ्गता भएका व्यक्तिहरुको यौन सक्रियता र यौनेच्छा हुँदैन । | | | |
| २. | अपाङ्गता भएका महिलाहरुको यौन सक्रियता हुँदैन र उनीहरु सन्तान पाउन सक्दैनन् । | | | |
| ३. | समाजमा वौद्धिक एवं अन्य अपाङ्गता भएका महिलाहरु यौन हिंसामा परेका छन् । | | | |
| ४. | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरु धाक धम्की एवं यौन हिंसामा परेका छन् । | | | |
| ५. | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरु यौन हिंसा र विकृति फैलाउन संलग्न छन् । | | | |
| ६. | विद्यालयको पाठ्यक्रममा वृहत यौन शिक्षा पर्याप्त मात्रामा समावेश गरिएको छ | | | |
| ७. | अपाङ्गता भएका व्यक्तिहरुले प्रजनन स्वास्थ्य सेवा र सूचनाहरु अपाङ्गता नभएका व्यक्तिहरुको तुलनामा कम प्राप्त गरेका छन् । | | | |
| ८. | अपाङ्गता भएका व्यक्तिहरुलाई यौन शिक्षा दिनु जरुरी छैन । | | | |
| ९. | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरुलाई यौन शिक्षा दिनु जरुरी छैन । | | | |
| १०. | यौन शिक्षाले किशोरकिशोरी एवं युवाहरुलाई कलिलो उमेरमा यौन सक्रिय र उच्छृङ्खल बनाउँछ । | | | |
| ११. | हाम्रो समाजमा अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरुले यौन तथा प्रजनन स्वास्थ्य अधिकार प्राप्त गर्न सकेका छैनन् । | | | |
| १२. | अपाङ्गता भएका किशोरकिशोरी र युवाहरुलाई उमेर सुहाँउदो यौन शिक्षा दिदै सुरक्षित स्वास्थ्य र निर्णय गर्न सक्ने वनाउनु पर्दछ । | | | |

सहजकर्ताले छलफलबाट प्राप्त निष्कर्षहरु स्पष्ट पार्दै यौनिक तथा प्रजनन अधिकारको महत्व प्रकाश पार्ने ।

## क्रियाकलाप नं. २ : यौनिक तथा प्रजनन स्वास्थ्य अधिकार कानुनी व्यवस्था 30 मिनेट

यौन तथा प्रजनन अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय एवं राष्ट्रिय नीतिगत र कानूनी व्यवस्था मार्फत सुनिश्चित गर्ने प्रयासहरु भएका छन्। यस सत्रमा सहभागीहरुलाइविभिन्न अधिकारहरूको बारेमा प्रस्तुतीकरण गरी बोध गर्न लगाउनुहोस्।

- यौनिकता तथा प्रजनन स्वास्थ्य सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय नीति तथा कानूनी प्रावधानहरु के के छन् ?
- किशोरकिशोरी एवं युवा, अपाङ्गता भएका व्यक्ति तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरुको यौनिक तथा प्रजनन स्वास्थ्य अधिकार कार्यान्वयनका लागि नेपालमा भएका नीतिगत र कानूनी व्यवस्थाहरु के के छन् ?

सामुहिक छलफल पछि सहजकर्ताले यौनिक तथा प्रजनन स्वास्थ्य अधिकारको विभिन्न लक्षित समूहका लागि महत्व र हालसम्म अन्तर्राष्ट्रिय एवं राष्ट्रियस्तरमा गरिएका नीतिगत एवं कानूनी व्यवस्थाहरु सारांशमा बताउनुहोस । सहभागी मध्ये १-२ जनालाई उनीहरुको धारणा पनि व्यक्त गर्न लगाउनुहोस् ।

## अध्ययन सामग्री

### यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकारहरु :

वालवालिकाहरुको अधिकार सम्बन्धी महासन्धी (Convention on the Rights of the Child/ CRC):
यस महासन्धीले वालवालिकाहरुले पाउनु पर्ने स्वास्थ्य (धारा २४) शिक्षा ( धारा २३, २८, २९) र केटी एवं महिलाहरु उपर हुने सबै प्रकारका विभेदहरुको अन्त्य हुनुपर्ने कुरामा जोड दिइएको छ ( धारा २, २४(३), ३५) । अपाङ्गता भएका व्यक्ति अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघ सन्धी (२००६) (UN Convention on the Rights of the Persons with Disability, CRPD, 2006) । यस सन्धीले अपाङ्गता भएका व्यक्तिले कुनै पनि विभेद विना उच्चतम स्वास्थ्यता प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । यस सन्धीले उनीहरुलाई स्वतन्त्रतापूर्वक र उत्तरदायी ढँगले सन्तानको संख्या र जन्मान्तरको समयको निर्णय लिन सक्ने अधिकार प्रदान गरेको छ र साथै उमेर सुहाउँदो सूचना तथा प्रजनन तथा परिवार नियोजन सम्बन्धी शिक्षा प्राप्त गर्ने अधिकार प्रदान गरेको छ ।

### सालामान्का घोषणा र कार्यान्वयन ढाँचा (१९९४):

यसले अपाङ्गता भएका व्यक्तिहरुको समावेशी शिक्षा पाउने अधिकारलाई स्वीकार गरेको छ । यस किसिमको अधिकार २०१५ मा निर्मित चौथो दिगो विकास लक्ष्य (२०३०) मा समाहित भएको छ जसले गुणस्तरीय सिकाइका लागि सबैलाई समान अधिकारको व्यवस्था गरेको छ । खासगरी दिगो विकास लक्ष्य ४.५ मा लैङ्गिक विभेद हटाई सबै तहको शिक्षा र व्यवसायिक तालिम जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरु (अपाङ्गता भएका समेत), कठीन अवस्थाबाट गुज्रिरहेका वालवालिका एवं जनजाती आदि सबैको समान पहुँचमा पुऱ्याउनु पर्ने कुरामा जोड दिएको छ ।

### विश्व यौनिकता सम्बन्धी सम्मेलन (१९९९), हङकङ

यस सम्मेलनले निम्न ११ वटा यौन अधिकारहरु पारित गरेको थियो ।

१. यौन स्वतन्त्राको अधिकार
२. यौन गोपनियताको अधिकार
३. यौन आधिपत्य, यौन इमान्दारिता यौन सुरक्षाको अधिकार
४. यौन समान न्यायको अधिकार
५. यौन आनन्दको अधिकार
६. यौन संवेग अभिव्यक्त गर्ने अधिकार
७. स्वतन्त्रपूर्वक यौन सम्बन्ध स्थापित गर्ने अधिकार
८. स्वतन्त्र तथा जिम्मेवारीपूर्वक प्रजनन छनौट गर्ने अधिकार
९. यौन सम्बन्धी वैज्ञानिक सूचनाको जानकारी लिन पाउने अधिकार
१०. बृहत् यौनिकता शिक्षा लिन पाउने अधिकार
११. यौन स्वास्थ्यको हेरचाह र उपचार गर्ने अधिकार

### संयुक्त राष्ट्र संघको यौन तथा प्रजनन सम्बन्धी वडापत्र (सन् २०००) यौन तथा प्रजनन अधिकारहरू:

१. गर्भधारण, शिशुको जन्म र यौनबाट व्यक्तिको जीवनमा खतरा हुनु हुँदैन ।
२. यौन तथा प्रजनन जीवनमाथि आफै निर्णय र नियन्त्रण गर्न पाउनुपर्दछ ।
३. जाति, रङ्ग, धर्म, यौन, भाषा, यौन प्रवृत्ति र सामाजिक बनावटको आधारमा भेदभाव गरिनुहुन्न ।
४. प्रजनन स्वास्थ्य सम्बन्धी निर्णय गर्ने र सूचना प्राप्त गर्ने अधिकार सबैलाई हुन्छ ।
५. बच्चा पाउने, नपाउने, वा कति संख्यामा पाउने भन्ने अधिकार व्यक्तिगत हुन्छ ।
६. आफ्नो यौन तथा प्रजनन जीवनको निर्णय आफै गर्न पाउनु पर्दछ ।
७. प्रत्येक व्यक्तिको यौन शिक्षा प्राप्त गर्ने, सूचना प्राप्त गर्ने अधिकार हुन्छ, जुन व्यक्तिगत हुन्छ र व्यक्तिगत स्वतन्त्रतामा भर पर्दछ ।
८. उपलब्ध शारिरिक तथा मानसिक स्वास्थ्य सुविधा प्रयोग गर्न पाउनु व्यक्तिगत अधिकार हो ।
९. वैज्ञानिक आविष्कारको उपयोग गर्न पाउने अधिकार सबैमा हुन्छ ।

### यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी मानव अधिकारहरू

- बाँच्न पाउने अधिकार (हक)
- व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको अधिकार
- समानताको अधिकार, सबै प्रकारका भेदभावदेखि मुक्त हुने अधिकार
- गोपनियताको अधिकार
- स्वतन्त्र विचार राख्न पाउने अधिकार
- सूचना र शिक्षा प्राप्त गर्न पाउने अधिकार
- विवाह गर्ने/नगर्ने अथवा परिवार बसाउने वा नबसाउने अधिकार
- बच्चा पाउने, नपाउने अथवा कहिले पाउने भन्ने विषयमा निर्णय गर्ने अधिकार
- आफ्नो स्वास्थ्यको हेरविचार र सुरक्षासँग सरोकार राख्ने विषयमा इज्जतपूर्वक सरलताका साथ सेवा प्राप्त गर्ने अधिकार
- यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धमा भएका र उपलब्ध हुन सक्ने सबै सुरक्षित र प्रयोग गर्न सुविधाजनक वैज्ञानिक प्रविधि र साधनहरु उपयोग गर्न पाउने अधिकार
- यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको स्थापानार्थ र कार्यान्वयनार्थ सरकारलाई प्रभाव पार्न दवाव दिनका लागि भेला हुने र राजनैतिक सहभागिता गर्न पाउने अधिकार
- यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी  पिडा र दुर्व्यवहारबाट मुक्त हुन पाउने अधिकार

### आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी सन्धी (International Convent on Economic, social and Cultural Rights ICESA) :

यसले स्वास्थ्य अधिकार एवं यौन तथा प्रजनन स्वास्थ्य (**UDHR** धारा २५, **ICESCR** धारा १२) शिक्षा प्राप्त गर्ने अधिकार (धारा १२) र काम गर्न पाउने, अधिकार (प्राविधिक एवं व्यावसायिक तालीम समेत) (**ICESCR** धारा ६)को प्रत्याभूति गरेको छ ।

### महिला उपर हुने भेदभाव उन्मूलन समिति (Committee on the Elimination of Discrimination Against Women (CEDAW) :

यस सम्मेलनले स्वास्थ्यको अधिकार (धारा १२), सन्तानको संख्या र जन्मान्तर बारे निर्णय गर्ने अधिकार (धारा १२, १३), महिला र वालवालिका उपर हुने हिंसाको उन्मूलन (धारा १-३), शिक्षामा वालिका र महिलाहरुको समान

अधिकार (धारा १०), र महिला उपर हुने सबै प्रकारका हिंसाको उन्मूलन (धारा १-५) को लाई सुनिश्चित गर्ने प्रतिवद्धता गरेको छ ।

## जनसंख्या तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (International Conference on Population & Development (ICPD), 1994

यस अन्तर्राष्ट्रिय सम्मेलनले सरकारहरुलाई यूवाहरुका लागि यौन तथा प्रजनन स्वास्थ्य सेवा सूचना र शिक्षाको आवश्यक्ता पूरा पार्न उनीहरुको गोपनियता र व्यक्तिगत सुरक्षा कुनै विभेद विना प्रमाणमा आधारित मानव यौन, यौन तथा प्रजनन स्वास्थ्य, मानव अधिकार र लैङ्गिक समानताबारे वृहत् शिक्षा दिई आफ्नो यौनिकताबारे सकारात्मक र उत्तरदायी वन्न सक्षम तुल्याउन आहवान गरेको थियो ।

## दिगो विकास सम्बन्धी एजेन्डा २०३० तथा दिगो विकास लक्ष्य (SDG)

जीवनका सबै चरणहरुका स्वास्थ्यकर जीवन निर्वाह र स्वस्थता, समावेशी र समतामा आधारित गुणस्तरीय शिक्षा र जीवन पर्यन्त सिकाईका अवसर प्रदान गर्ने, लैङ्गिक समानता, वालिका एवं महिलाहरुको सक्षमतामा जोड दिएको छ । चौथो महिला विश्व सम्मेलन (Fourth World Conference on Women, 1995) चौथो सम्मेलन र त्यस पछि २००५ मा अफ्रिका, २००८मा ल्याटिन अमेरिका र २०१५मा पुनः अफ्रिकामा भएका सम्मेलनले नीतिगत तहका यौनिकता शिक्षा समावेश गर्नुपर्ने कुरामा प्रतिवद्धता जाहेर गरिएको थियो ।

यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा विश्वव्यापी पहुँच प्राप्त गर्न दिगो विकास लक्ष्य २०३० अन्तर्गत लक्ष्य नम्बर ३ मा रोकथाम गर्न सकिने मातृ मृत्युदरको अन्त्य (Ending preventable maternal mortality); लक्ष्य नम्बर ४ मा परिवार नियोजनको लागी अपरिपुर्त आवश्यकता अन्त्य (Ending unmet need for family Planning); र लक्ष्य नम्बर ५ मा लैङ्गिक हिंसा र हानिकारक अभ्यासहरूको अन्त्य (Ending gender–based violence and harmful practices) प्राप्त गर्न बृहत् यौनिकता शिक्षा प्रभावकारी छ ।

## यौनिक तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी राष्ट्रिय स्तरमा भएका नीति नियम तथा कानूनी प्रावधानहरु

नेपालको संविधान २०१५ : नेपालको संविधान २०१५ले हरेक नागरीकको सम्मानपूर्वक वाँच्न पाउने अधिकार (धारा १५), स्वास्थ्यको अधिकार (धारा ३५), प्रजनन स्वास्थ्य सेवा र अधिकार (धारा ३५ (३), माध्यमिक तहमा अनिवार्य र आधारभूत शिक्षा (धारा ३१) र महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार (धारा ३८) को व्याख्या गरेको छ ।

## राष्ट्रिय शिक्षा नीति २०१९, नेपाल राष्ट्रिय शिक्षाको ढाँचा २०३० :

शिक्षा नीतिले सबैका लागि समावेशी र गुणस्तरीय शिक्षाको समतापूर्ण पहूँचमा जोड दिएको छ । विद्यालय क्षेत्र विकास योजना (SSDP) २०१६- २०२२/२३ औपचारिक एवं अनौपचारिक शिक्षामा उमेर उपयुक्त हुने बृहत् यौनिकता शिक्षा प्रदान गर्ने कुराको प्रतिवद्धता जनाएको छ । साथै सेवाकालीन शिक्षक तालिममा अनिवार्य रुपमा अकभ मोड्युल लागू गरी मानव स्रोतको विकास गर्ने प्रतिवद्धता जनाएको छ । शिक्षा क्षेत्र योजना (Education Sector Plan (ESP) 2022- 2023 ले पनि विद्यालय तहमा वृहत यौनिकता शिक्षा लागू गर्ने पक्षमा प्रतिवद्धता व्यक्त गरेको देखिन्छ ।

## सुरक्षित मातृत्वको  अधिकार र प्रजनन स्वास्थ्य अधिकार कानून २०१८ र कार्यविधि :

यस कानूनले यूवाहरुलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी गुणस्तरीय सूचना र सेवाहरुको पहुँचको सुनिश्चितता गर्नु पर्ने पक्षमा ग्यारेन्टी गरेको छ ।

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, दोस्रो स्वास्थ्य क्षेत्र कार्यक्रम (NHSP)** ले पनि सार्वजनिक स्वास्थ्यसंस्थाहरु मार्फत किशोरकिशोरीका लागि यौन तथा प्रजनन स्वास्थ्य मैत्री सेवाहरु प्रदान गर्ने पक्षमा जोड दिएको छ। राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य एवं विकास रणनीतिले किशोरकिशोरीका लागि गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य एवं सूचनाको प्रत्याभूति गरेको छ।

**बृहत् यौनिकता शिक्षा सम्बन्धी राष्ट्रीय सम्मेलन २०२३ को घोषणापत्रमा** यस सम्मेलनको सन्देश तथा प्रतिवद्धतालाई व्यवहारमा कार्यान्वयन गर्न बृहत् यौनिकता शिक्षाको विकास तथा अभिवृद्धिमा सहकार्य गर्न हामी सबै प्रतिबद्ध रहने छौँ भनि निम्नलिखित पाँचवटा प्रतिबद्धताहरू व्यक्त गरिएका छन्:

१. बृहत् यौनिकता शिक्षा सम्बन्धी नीतिगत, कानूनी तथा कार्य क्रमिक रुपमा भएका व्यवस्थाको कार्यान्वयन गर्न नेपाल सरकारका सम्बन्धित निकायबाट प्रदेश सरकार तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा विद्यालय, स्वास्थ्य संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, युवा लगायत सम्बद्ध सबै सरोकारवालाबीच समन्वय र सहकार्यमा संयुक्त प्रयास गर्ने।

२. बृहत् यौनिकता शिक्षालाई सबै किशोरकिशोरी तथा युवाको लागि अत्यावश्यक शिक्षाको रुपमा लिई तत् सम्बन्धमा गुणस्तरीय शिक्षाको प्रत्याभूति हुने गरी युवाका लागि यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच पुयाउने।

३. बालविवाह एवम् अनिच्छित गर्भधारण रोक्न, सबै प्रकारका यौन तथा लैङ्गिक हिंसा र हानिकारक अभ्यास, एचआइभी/एड्स लगायत यौनजन्य सङ्क्रमण हुनबाट सबै किशोरकिशोरी तथा युवाको संरक्षण गर्दै किशोर ावस्थाबाट वयस्क अवस्थामा सुरक्षित र परिपक्व रूपमा रूपान्तरण हुनका लागि सहजीकरण गर्ने।

४. अनलाइन तथा अफलाइनका माध्यमबाट शिक्षक तथा स्वास्थ्यकर्मीको क्षमता विकास एवं अन्य सहयोग मार्फत बृहत् यौनिकता शिक्षासम्बन्धी सिकाइ सामग्री विकास गरी ती सामग्रीको प्रभावकारी प्रयोगमा किशोरकिशोरी, युवा, समुदाय तथा अभिभावकहरूलाई संलग्न गराउने।

५. किशोरकिशोरी तथा युवाको सिकाइ अनुभव र असल अभ्यासहरूलाई एक आपसमा आदानप्रदान गर्न प्रोत्साहित गर्ने।

# बृहत् यौनिकता शिक्षाको कार्यान्वयनमा विभिन्न निकायको भूमिका

**दिन दोश्रो  सत्र : दोस्रो  समय : १ घण्टा ३० मिनेट**

## परिचय

नेपालमा औपचारिक एवं अनौपचारिक शिक्षाका कार्यक्रम एवं स्वास्थ्य सेवाहरुमा यौनिकता तथा प्रजनन स्वास्थ्य सेवा एवं अधिकारहरुलाई समावेश गर्ने प्रयत्नहरु भइरहेका छन् । यद्यपी यी कार्यक्रमहरुलाई अझै समावेशी एवं प्रभावकारी ढंगबाट लागू गर्न संघीय, प्रदेश एवं स्थानीय सरकारका विभिन्न निकायहरुले के कस्ता भूमिका रहन्छ, संस्थागत क्षमता विकासका लागि के गर्न सकिन्छ विभिन्न निकायहरुका वीचमा कसरी समन्वयलाई प्रभावकारी बनाउन सकिन्छ र कार्यक्रमको अनुगमन र मूल्याङ्कन कसरी गर्न सकिन्छ भन्ने कुरा अति नै महत्वपूर्ण हुन्छ । यस सत्रका यीनै विषयवस्तुमा सहजीकरण गर्ने प्रयास हुनेछ ।

## उद्देश्यहरु

यस सत्रको अन्तमा सहभागीहरु निम्न कामहरु गर्न सक्षम हुनेछन् ।

- वृहत् यौनिकता शिक्षाको कार्यान्वयनका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको भूमिका व्याख्या गर्न
- वृहत् यौनिकता शिक्षाको कार्यान्वयन गर्नु पर्ने नीतिगत सवलीकरण र उत्प्रेरक वातावरण सिर्जना गर्ने उपायहरु वताउन
- वृहत् यौनिकता शिक्षा कार्यान्वयनका लागि संस्थागत क्षमता विकास, समन्वय, अनुगमन र मूल्याङ्कनको भूमिका वर्णन गर्न

## सामग्री

विभिन्न निकाय र तीनका कार्यहरु छुट्टा छुट्टै लेखिएको कार्डहरुको सेट (४ समूहका लागि)

- कक्षा ६ देखि १२ सम्मका वृहत् यौनिकता शिक्षा समावेश गरिएको पाठ्यपुस्तक (स्वास्थ्य शारीरिक, जनसंख्या, शिक्षा) र पाठ्यक्रम (सन्दर्भका लागि)

- न्यूजप्रिन्ट
- मार्कर
- मास्किङटेप
- फ्लिपचार्ट (वृहत् यौनिकता शिक्षा सम्बन्धी, UNFPA)

## विषयवस्तु

- स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता सम्बन्धी विभिन्न तहका सरकारको भूमिका
- वृहत् यौनिकता शिक्षा कार्यान्वयनका लागि नीतिगत सवलीकरण र उपयुक्त वातावरणको तयारी
- पाठ्यक्रममा वृहत् यौनिकता शिक्षाको समावेश
- वृहत् यौनिकता शिक्षा लागि संस्थागत क्षमता विकास
- समन्वय, अनुगमन र मूल्याङ्कन पद्धतिको सवलीकरण

## क्रियाकलापहरु

### क्रियाकलाप १ : वृहत् यौनिकता शिक्षाको कार्यान्वयनमा विभिन्न सरकारी एवं गैरसरकारी निकायहरुको भूमिका ४५ मिनेट

सहभागीहरुलाई तल दिइएको सेट वर्कसिट दिई उपरोक्त भूमिका कस्को हो भनि छलफल गर्न वर्कसिटमा भर्न लगाउनुहोस्। उपलब्ध भएको निकायहरु र तिनीहरुको वृहत् यौनिकता शिक्षामा रहेको भूमिकालाई व्याख्या गरिदिनुहोस्।

**वर्कसिट (वृहत् यौनिकता शिक्षाको कार्यान्वयनका मुख्य कार्यहरु र सरोकारवालाहरु**

| सि.न. | कार्यहरु | जिम्मेवार निकायहरुको नाम |
|---|---|---|
| १. | ऐन, कानून, नीति रणनीति निर्माण, समन्वय | |
| २. | मानव स्रोत विकास/तालिम | |
| ३. | स्रोत साधन व्यवस्थापन | |
| ४. | वहस पैरवी | |
| ५. | पाठ्यक्रम विकास | |
| ६. | अनुगमन, मुल्याङ्कन | |
| ७. | तथ्याङ्क रेकर्डिङ रिपोर्टिङ | |
| ८. | कानूनी प्रावधानहरुको कार्यान्वयन | |

**सहजकर्तालाई नोट :** कृपया छलफलको क्रममा निम्न लिखित निकायहरु स्मरण गराउनुहोस्:

**संघीय तहमा :**

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (पाठ्यक्रम विकास केन्द्र, जनशक्ति विकास केन्द्र, मानव स्रोत विकास केन्द्र)
- स्वास्थ्य मन्त्रालय (स्वास्थ्य सेवा विभाग, स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, राष्ट्रीय तालीम केन्द्र, परिवार कल्याण महाशाखा)

- संघीय मामला मन्त्रालय
- महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**प्रदेशतहमा**

- शिक्षा, सामाजिक/ग्रामीण विकास मन्त्रालय
- शिक्षा समन्वय एकाई/कार्यालय
- जिल्ला समन्वय समिति

**स्थानीय तहमा :**

- पालिका कार्यसमिति
- प्रहरी प्रशासन
- गैरसरकारी संस्थाहरु (युवा सँग किशोर किशोरी, अपाङ्गता भएका व्यक्ति एवं यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकसँग सम्बन्धीत)
- विद्यालय
- स्वास्थ्यसंस्था
- धर्मिक संस्थाहरु
- संचार माध्ययम (आम संचारमा)
- ट्रेड युनियन, आदि

अन्तमा: प्रस्तुत भएका निकायहरु र तीनका कार्यहरु व्याख्या गर्नुहोस् ।

### क्रियाकलाप २ : प्रश्नोत्तर र व्याख्या ३५ मीनेट

सहजकर्ताले प्रत्येक टेवलका १/१ जना सहभागीलाई पालै पालो निम्न प्रश्नहरु सोध्न र प्रश्नोत्तर गर्ने

१. वृहत् यौनिकता शिक्षालाई सफलतापूर्वक लागू गर्न के कस्ता नीतिगत एवं कानूनी व्यवस्था गर्नु जरुरी छ ?

२. हाल विद्यमान नीतिगत तथा कानूनी प्रावधानहरुले बृहत् यौनिकता शिक्षा कार्यान्वयन गर्न मैत्रीपूर्ण वातावरण सिर्जना गर्न के कस्तो भूमिका खेलेको छ ?

सहभागीहरुबाट आएका प्रश्न १ र २ का उत्तरहरु छलफल गर्ने कममा टिपोट गरिएको सूचिलाई कार्डमा टिप्दै जाने र साराँसमा वताइदिने ।

### क्रियाकलाप ३ : सामूहिक प्रतिवद्धता १० मीनेट

अन्तमा सबै सहभागीहरुलाई आफू र आफ्नो संस्थाको तर्फबाट वृहत् यौनिकता शिक्षाको कार्यान्वयनका लागि सामूहिक प्रतिवद्धता जाहेर गर्न लगाउने ।

उदाहरण : हामी वृहत् यौनिकता शिक्षाको कार्यान्वयनमा सहभागीता जनाई सक्रिय रुपमा सहयोग गर्ने छौं ।

अध्ययन सामग्री

वृहत् यौनिकता शिक्षाको सफल कार्यान्वयनका लागि विभिन्न कार्यहरु गर्नुपर्ने हुन्छ। ती मुख्य कार्यहरु यस प्रकार छन् :

- **ऐन, कानून, नीति, रणनीति निर्माण एवं समन्वय :** संघीय, प्रदेश र स्थानीय सरकारले वृहत् यौनिकता शिक्षा तथा यौनिक तथा प्रजनन स्वास्थ्य अधिकारहरुलाई कार्यान्वयन गर्न आवश्यक ऐन, कानून, नीतिहरु वनाई लागू गर्न सक्दछन् । त्यस्ता ऐन, कानूनहरु नेपालको संविधान एवं अन्य नीतिहरुसँग नवाभिने गरी बनाउनु पर्दछ ।
- **मानव स्रोतको विकास :** उच्च शिक्षामा पूर्व सेवाकालीन शिक्षा, मानव स्रोतको विकास केन्द्र (जनशक्ति विकास केन्द्र) ले सेवाकालीन शिक्षक तालिम र दातृ संस्था एवं गैर सरकारी संस्थाहरु मार्फत संचालन

हुने वृहत् यौनिकता शिक्षा तालीमको निरन्तरता मार्फत वृहत् यौनिकता शिक्षाका लागि आवश्यक जनशक्ति उत्पादन गरिनु आवश्यक छ ।

- **स्रोत साधन व्यवस्थापन :** वृहत् यौनिकता शिक्षा कार्यक्रमको दर्जामा, पाठ्यक्रम तथा तालीम सामाग्रीको निर्माण, शिक्षक एवं सहजकर्ताहरुको तालीम, अध्ययन सामग्री, मूल्याङ्कन तथा अनुसन्धानको लागि आवश्यक वजेट तीनै  तहका सरकारले गर्नुपर्ने हुन्छ । यस कार्यका लागि दातृ संस्थाहरुको ठूलो भूमिका रहन्छ ।
- **वहस पैरवी :** वृहत् यौनिकता शिक्षाको महत्व र यसका दीर्घकालीन फाइदाहरुका वारेमा तथ्यपरक सूचना मार्फत वहस, पैरवी गरी उपयुक्त वातावरण तयार गर्नु  जरुरी छ । विद्यालय तहमा खासगरी माध्यमिक तहमा वृहत् यौनिकता शिक्षालाई स्वास्थ्य शिक्षा विषयमा समावेश गरी अनिवार्य रुपमा लागू गर्न सरकार समक्ष पैरवी गर्नु जरुरी छ ।
- **पाठ्यक्रम विकास :** नेपालमा वृहत् यौनिकता शिक्षालाई कक्षा ४ देखि नै शुरुवात गरी माध्यमिक एवं उच्च शिक्षाको शिक्षा शास्त्र संकाय अन्तर्गत स्वास्थ्य शिक्षा विषयमा समावेश गरिएको छ । यद्दपी हाल कायम रहेको माध्यमिक तहको पाठ्यक्रममा ऐच्छिक स्वास्थ्य शिक्षा विषयमा यसलाई समावेश गरिएको छ । यसलाई अनिवार्य पाठ्यक्रममा समावेश नगरिएको हुँदा अधिकांश विद्यार्थीहरु यसको अध्ययनबाट वञ्चित छन् । तसर्थ यसलाई सबै विद्यार्थीहरुको साथै अनौपचारिक शिक्षा मार्फत विद्यालय छाडेका किशोर किशोरीलाई समेट्न जरुरी छ । स्थानीय सरकारहरुले स्थानीय पाठ्यक्रम निर्माण गर्दा वृहत् यौनिकता शिक्षालाई पनि समाहित गर्नु उपयुक्त हुनेछ ।
- **अनुगमन, मुल्याङ्कनः** वृहत् यौनिकता शिक्षाको प्रभावकारी कार्यान्वयन तथा अपेक्षित उपलब्धीको समय समयमा अनुगमन एवं मुल्याङ्कन जरुरी हुन्छ । तीनै तहका सरकारको विभिन्न तहमा अनुगमन एवं मुल्याङ्कन गर्ने संयन्त्रको निर्माण हुनु जरुरी हुन्छ ।
- **तथ्याङ्कको अभिलेख र प्रतिवेदनः** वृहत् यौनिकता शिक्षा तथा यौन तथां प्रजनन स्वास्थ्य अधिकारसँग सम्बद्ध विविध तथ्याङ्कहरु संघीय, प्रदेश र स्थानीय सरकारका निकायहरु मार्फत राखिनु जरुरी छ । जस्तै EMIS, HMIS आदि ।
- ऐन, कानून तथा विद्यमान प्रावधानहरुको कार्यान्वयन : वृहत् यौनिकता शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लागू भएका ऐन, कानून तथा नीति नियमहरुको अनुगमन तथा पृष्ठपोषणका लागि संयन्त्र तथा विधिहरु निर्माण गरी लागु गर्नुपर्दछ ।

### बृहत् यौनिकता शिक्षाको कार्यान्वयनमा जिम्मेवार निकायहरु :

| सि.न. | कार्यहरु | जिम्मेवार निकायहरुको नाम |
|---|---|---|
| १. | ऐन, कानून, नीति रणनीति निर्माण, समन्वय | |
| २. | २. मानव स्रोत विकास /तालिम | |
| ३. | ३. स्रोत साधन व्यवस्थापन | |
| ४. | ४. वहस पैरवी | |
| ५. | ५. पाठ्यक्रम विकास | |
| ६. | ६. अनुगमन, मुल्याङ्कन | |
| ७. | ७. तथ्याङ्क रेकर्डिङ रिपोर्टिङ | |
| ८. | ८. कानूनी प्रावधानहरुको कार्यान्वयन | |

# बृहत् यौनिकता शिक्षासम्बन्धी कार्ययोजना निर्माण

**दिन : दोस्रो** **सत्र : तेस्रो** **समय : १ घण्टा ३० मिनेट**

## परिचय

बृहत् यौनिकता शिक्षासम्बन्धी कार्यहरू सन्चालन गर्न योजना बनाएर अगाडि बढ्नु राम्रो हुन्छ । निश्चित उद्देश्य हासिल गर्नका लागि भविष्यमा गरिने कार्यहरूको रूपरेखालाई योजना भनिन्छ । कार्य प्रारम्भ गर्नुभन्दा अगाडि के गर्ने, कहिले गर्ने, किन गर्ने, कसरी गर्ने, एवं कसले गर्ने जस्ता कुराहरूको निर्णयसँग योजना सम्बन्धित छ । योजना भनेको काम-कारबाही गर्ने खाका हो, भावी कार्यक्रमको क्रमबद्ध रूपरेखा हो । यसले कुनै पनि कार्य सुरु गर्नुभन्दा पूर्व वा भविष्यमा गरिने कार्यक्रमलाई वर्तमानमा निर्धारण गर्दछ । बृहत् यौनिकता शिक्षा पनि नयाँ कार्यक्रम भएकाले कार्ययोजना सहित हिड्नु पर्दछ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरू निम्न कार्यमा सक्षम हुने छन् :

- बृहत् यौनिकता शिक्षासंग सम्बन्धित कार्य गर्ने प्रतिबद्धता जनाउन
- बृहत् यौनिकता शिक्षासम्बन्धी कार्ययोजना निर्माण गर्न

### सामग्री

- मेटाकार्ड, स्केच पेन, न्युज प्रिन्ट कागज, मार्कर, मास्किङ टेप

### मुख्य विषयवस्तु

- बृहत् यौनिकता शिक्षासम्बन्धी कार्ययोजना

## सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १: बृहत् यौनिकता शिक्षासम्बन्धी प्रतिबद्धता जनाउने — १० मिनेट

- सहभागीहरूलाई अघिल्लो सत्रमा के के सिक्यौं भनेर पुनरावलोकन गर्न लगाउनुहोस् । उहाँहरूलाई आफूलाई लागेका विचारहरू भन्न उत्प्रेरित गर्नुहोस् । सबैले अघिल्लो सत्रको विषय बुझेको र नबुझेको यकिन गर्नुहोस् र कुनै सहभागीले नबुझेको पाइएमा स्पष्ट पारिदिनुहोस् ।

- सहभागीहरूले भनेका विचारहरूलाई सम्मान गर्दै यस सत्रमा हामी आ-आफ्नो क्षेत्रमा गएर एक कार्ययोजनासहित काम गर्न बृहत् यौनिकता शिक्षासम्बन्धी कार्ययोजना निर्माण गर्ने छौं भनेर भन्नुहोस् ।
- कार्ययोजना निर्माण गर्नु अघि एक खेल खेलाएर प्रतिबद्धता लिनुहोस् । सहभागीहरूलाई आ-आफ्नो स्थानमा खुला भई उभिन लगाउनुहोस् । त्यसपछि हावामा पालैपालो दुबै हात, टाउको, कम्मर, र खुट्टाले आफ्नो हस्ताक्षर  गर्नुहोस् र सहभागीहरूलाई पनि सँगै गर्न लगाउनुहोस् ।

### क्रियाकलाप २: बृहत् यौनिकता शिक्षासम्बन्धी कार्ययोजना निर्माण ७० मिनेट

- सहभागीहरूलाई स्थानिय तह अनुसार समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई दिईएको ढाँचामा न्युज प्रिन्ट पेपरमा छलफल गरेर कार्ययोजना बनाउन आग्रह गर्नुहोस् । यस कार्यलाई ३० मिनेटको समय दिनुहोस्। सहभागीलाई बृहत् यौनिकता शिक्षामा गर्न सकिने कृयाकलापको उदाहरण दिनुहोस्। हरेक समूहलाई समय समयमा उत्प्रेरणा दिंदै सहजिकरण गर्नु होस् ।
- सबै समूहले कार्ययोजना निर्माण गरेपछि प्रस्तुतिकरण गर्न लगाउनुहोस्। अन्य समूहलाई प्रस्तुति उपर प्रतिक्रिया जनाउन लगाउनुहोस् । सबैको प्रस्तुतिपश्चात धन्यवाद दिंदै आ-आफ्नो क्षेत्रबाट कार्य गर्न पुन: उत्प्रेरणा दिनुहोस् ।

**प्रतिबिम्बन १० मिनेट**

सत्रको बिच बिचमा सहभागीहरूको क्रियाकलाप र छलफलमा सहभागिता अवलोकन गर्नुको साथै निम्न प्रश्नहरू सोधेर सत्रको मूल्याङ्कन गर्नुहोस् :

- बृहत् यौनिकता शिक्षामा यहाँको क्षेत्रमा के-के गर्न सकिन्छ ?
- किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका लागि बृहत् यौनिकता शिक्षा कसरी प्रदान गर्न सकिन्छ ?

## अध्ययन सामग्री

### बृहत् यौनिकता शिक्षासम्बन्धी कार्ययोजनाको नमूना

| क्र.सं. | सी.एस.ई. सम्बन्धित क्रियाकलाप | लक्षित वर्ग | जिम्मेवार निकाय वा व्यक्ति | लक्षित समय (महिना, दिन) | कैफियत |
|---|---|---|---|---|---|
| १ | बृहत् यौनिकता शिक्षासम्बन्धी पालिकास्तरीय शिक्षक प्रधानाध्यपक भेला | | | | |
| २ | किशोरीलाई सेनेटरी प्याड निर्माण र प्रयोग तथा विसर्जनसम्बन्धी कार्यशाला | | | | |
| ३ | बालविवाह न्यूनिकरणसम्बन्धी निबन्ध लेखन प्रतियोगिता | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

# समापन सत्र

**दिन : दोस्रो** **सत्र : चौथो** **समय : १ घण्टा**

आयोजक संस्थाले आवश्यकता अनुरुप औपचारिक तवरले उद्घाटन सत्र जस्तै समापन कार्यक्रम आयोजना गर्न सक्ने छ वा समयको अवस्था हेरी छोटो पुनरावलोकन सत्र मात्र पनि गर्न सक्ने छ । समापन सत्र आयोजना गर्न निम्नलिखित तरिकालाई नमूनाका रुपमा लिन सकिने छः

१. उद्घोषकबाट कार्यक्रम संचालन
२. कार्यक्रममा आयोजक संस्थाबाट सभाध्यक्षता ग्रहण
३. प्रमुख अतिथिको आसन ग्रहण
४. अतिथिहरुको आसन ग्रहण
५. राष्ट्रिय गानप्रति सम्मान
६. सहभागीहरू मध्ये समानुपातिक प्रतिनिधित्व हुने गरी दुई जना बाट अनुभव साझा
७. अतिथिबाट मन्तव्य
८. प्रमुख अतिथिबाट मन्तव्य
९. सभाध्यक्षबाट धन्यवाद मन्तव्य र सभा विसर्जन

FPAN
नेपाल परिवार नियोजन संघ

UNFPA

Norway

Australian Aid